


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ७ | चैत २०८० | Year 31 Vol 7 | March /April 2024

## राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ सेवा निवृत्त

**काठमाडौं, २८ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ आफ्नो ८ वर्षे कार्यकाल पूरा गरी चैत २८ गते देखि बैंक सेवाबाट निवृत्त(अवकाश) हुनुभएको छ । उहाँ २०७२ साल चैत २९ गते खुला प्रतिष्पर्धाबाट बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा प्रथम पटक नियुक्त हुनु भएको थियो। उहाँ २०७६ साल चैत २९ गते दोस्रो






कार्यकालका लागि पुनः नियुक्त हुनुभएको थियो।

बैंकको रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा २०८० साल चैत २९ गतेबाट लागू हुने गरी बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनाललाई कायम मुकायम(का.मु.) को जिम्मेवारी तोकिएको छ।

बैंक व्यवस्थापनको तर्फबाट बुधबार एक समारोहका बीच प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई बैंक सेवाबाट बिदाई गरिएको छ। उक्त समारोहमा प्रतिस्पर्धी बैंकिङ्ग बजारमा राष्ट्रिय वाणिज्य बैंकलाई सबल बैंकको रुपमा उभ्याउन श्रेष्ठले गर्नुभएको योगदानको बारेमा चर्चा गर्दै उहाँप्रति आभार व्यक्त गरिएको थियो। श्रेष्ठले ८ वर्षको अवधिमा आफुले पाएको साथ र सहयोग प्रति सम्पूर्ण सरोकारवाला प्रति धन्यवाद ज्ञापन गर्नुभएको थियो।

उक्त समारेहमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय देवेन्द्ररमण खनाल र सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल र दुर्गाकुमारी कँडेल, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा. बैंकका अध्यक्ष ईश्वर बहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा. बैंकका महासचिव उभार पाण्डे, विभागीय प्रमुखहरु, प्रादेशिक प्रबन्धक, मुख्य शाखा कार्यालयका प्रबन्धक, कम्पनी सचिव, लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■

### बैंकको कायम मुकायम प्रमुख कार्यकारी अधिकृतमा नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल



**काठमाडौं, २८ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मिति २०८० चैत २७ गते बसेको सञ्चालक समितिको बैठकबाट बैंकका बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाललाई मिति २०८० चैत २९ गतेदेखि लागू हुने गरी नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्ति नभएसम्म वा निजको यस बैंकमा सेवा अवधि रहेसम्म मात्र कायम रहने गरी कायम मुकायम प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिने निर्णय भएको छ। ■



# राष्ट्रिय वाणिज्य बैंकको RBBL Management Conference 2024

## अर्थविद्, बैंकिङ्ग विज्ञ, उद्यमीहरूका बीचमा व्यापक छलफल गरी दिगो बैंकिङ्ग विकासका लागि दिशानिर्देश

**काठमाडौं, ३ चैत**

हाल राष्ट्रिय अर्थतन्त्र र बैंकिङ्ग क्षेत्रमा देखिएका समस्या तथा चुनौतिहरुको बारेमा अर्थविद्, बैंकिङ्गविज्ञ तथा उद्यमीहरुका बीचमा व्यापक छलफल गरी बैंकिङ्ग क्षेत्रमा देखिएका चुनौतीहरुलाई सम्बोधन गर्न तथा आगामी दिनमा दिगो बैंकिङ्ग विकासका लागि दिशा निर्देश गर्न राष्ट्रिय वाणिज्य बैंकले RBBL Management Conference 2024 आज २०८० चैत ३ गते, शनिबार सम्पन्न भएको छ।




उक्त RBBL Management Conference 2024 कार्यक्रमको समुद्घाटन गर्नुहुँदै प्रमुख अतिथि एवं माननीय अर्थमन्त्री वर्षमान पुनले सरकारहरु निरन्तरताका आधारमा सञ्चालित हुन्छन्, तिनका आधारमा नीतिहरु आधारभूतरुपमा परिवर्तन हुँदैनन् । यसैको आधारमा सरकारले नीति बनाएर कार्य गरिरहेका हुन्छन् । उहाँले ऋण लिएर तिर्नुहुँदैन भन्ने नकारात्मकता फैलाउने कुरा स्वीकार्य नहुने बताउनुभयो । राजनीतिक परिवर्तनले जनताको जीवनस्तरमा परिवर्तन नभईरहेको सन्दर्भमा राजनीतिक प्रणालीको समेत समीक्षा गरी हामीले नयाँ ढंगले कार्य गरिरहेको बताउनुभयो। उहाँले बैंकिङ्ग क्षेत्र जनताको रकमबाट सञ्चालित हुने भएकोले संस्थागत सुशासन कायम गर्न जोड दिनुपर्ने बताउनुभयो।

यसैगरी विशिष्ट अतिथि एवं नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्रिय वाणिज्य बैंक विभिन्न परिसूचकहरुको आधारमा सबल रहेको बताउदै आफ्नो स्रोतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्रले जनविश्वास कायम गर्नेगरी कार्य गर्नुपर्ने बताउनुभयो । साना खराब



कामले संस्थालाई असर गर्ने हुँदा सचेत भएर काम गर्नुपर्ने बताउनुभयो।

बैंक सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढुङ्गानाले प्रथम पटक आयोजना गरिएको कार्यक्रम सफल भएको बताउँदै यस्तो कार्यक्रम आगामी वर्षमा समेत गर्दै जाने बताउनुभयो।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले समग्र बैंकिङ्ग क्षेत्रको बारेमा अवगत गराउनुभयो । उहाँले बैंकले अघिल्लो आर्थिक वर्ष तथा यस आर्थिक वर्षको दोस्रो त्रैमाससम्म सम्पन्न गरेका गैह्र वित्तिय क्षेत्रका महत्वपूर्ण उपलब्धिहरूको विषयमा जानकारी गराउँदै आ.व. २०७९/८० मा "उत्पादकत्व वृद्धि, गुणस्तरीय सेवा र प्रविधिमा सुधार, बैंक रुपान्तरणको आधार" **भन्ने नारा लिएर अघि बढेको थियो। यस आ.व. मा बैंकको नारा** "Enhancing Quality for Sustainable Business Growth" (दिगो व्यावसायिक वृद्धिको आधार, गुणस्तरमा सुधार) रहेको छ। यी नाराहरूले बैंकको रुपान्तरणको लागि बैंकको हरेक पक्षको गुणस्तरमा सुधार गर्नु पर्ने हाम्रो खाँचोलाई प्रतिबिम्बित गर्छ बताउनुभयो।

उहाले बैंकले आफ्ना सम्पुर्ण श्रोतहरूको उच्चतम उपयोग गरी बैंकको समग्र उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कदमहरू चालेको छ। बैंकका ग्राहकहरूलाई पनि गुणस्तरीय सेवा प्रदान गर्न बजारको माग अनुसारको सम्पूर्ण सेवा तथा सुविधाहरू उपलब्ध गराउँदै आएको छ । साथै, कर्जाको गुणस्तर, कर्मचारीको वृत्ति विकास र दिगो व्यावसायिक विकासका लागि पनि उचित कदमहरू उठाइएका छन् । बैंकले प्रविधिको स्तरोन्नतिको लागि IT Enhancement Roadmap लाई अगाडि बढाएको छ। यो प्रोजेक्ट हाल बैंकमा प्रयोगमा रहेको Core Banking Software (CBS) लाई प्रतिस्थापन गरी अत्याधुनिक Core Banking System को खरिद गरी कार्यान्वयनमा ल्याउने प्रक्रियामा रहेको छ । बैंकका सम्पूर्ण प्रक्रियाहरू, कार्यविधि एवम् पद्धतिहरूलाई सुधार गरी बैंकको काम कारवाही छिटो, छरितो र स्तरीय बनाउन Business Process Re-engineering (BPR) को Project अगाडि बढाई क्रमशः कार्यान्वयन गर्दै लगिएको बताउनुभयो।

उहाँले यो अवसरमा वर्तमान अर्थमन्त्रीज्यूले आज भन्दा १२ वर्ष अगाडि बैंकको Capitalization Plan 2012 अन्तर्गत बैंकले एक अर्ब १७ करोड रुपैया पुँजीलाई ७ अर्ब ४१ करोड रुपैंया थप गरी ८ अर्ब ५८ करोड रुपैंया पुऱ्याएर बैंकको वित्तीय अवस्था सक्षम, सबल र प्रतिस्पर्धी बनाउन खेल्नु भएको भूमिका प्रति स्मरण गर्दै म राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु भन्दै फेरी पनि अहिले हामी दोश्रो चरणको पुँजी बृद्धि योजना २०७८ को कार्ययोजनाको चरणमा छौं र यस बेला हामीले पुनः माननीय अर्थमन्त्रीज्यूलाई पाएका छौं । यो हाम्रो लागि सुखद खुशीको क्षण पनि हो। यस बैंकको व्यवसायिक विस्तारको क्षमता बृद्धि गर्न र हाम्रो बैंकको प्रतिस्पर्धी क्षमता बढाउन थप पुँजी अपरिहार्य बनेको छ। यसका

निमित्त पुँजी बृद्धि योजना २०७८ बमोजिम बैंकको व्यवसायमा भएको विस्तार बमोजिम नियामकीय निकायले तोकेको न्यूनतम पुंजीकोष कायम गर्न तथा प्रतिष्पर्धी बैंकहरुको मर्जर तथा एक्विजिसनको माध्यमबाट पुंजी आधारमा वृद्धि भएकोले व्यवसायिक क्षमता वृद्धि भएको हुंदा उनीहरुसंगको प्रतिष्पर्धी क्षमता कायम राख्न आगामी ५ आर्थिक वर्षभित्र बैंकमा बाह्य स्रोतबाट रु. २० अर्ब शेयर पूंजी लगानी आवश्यक भएको सन्दर्भमा उपरोक्त रकम जुटाउन हकप्रद शेयर जारी गर्ने, सार्वजनिक शेयर निष्कासन गर्ने लगायतको विकल्प सहित पुंजी अभिवृद्धि योजना, २०७८ (Capital Enhancement Plan, 2078) तर्जुमा गरी नेपाल सरकार अर्थ मन्त्रालय समक्ष पेश गरेका छौं । नेपाल सरकार, अर्थ मन्त्रालयबाट उक्त पुंजी अभिबृद्धि योजना अन्तर्गत २०७७/७८ मा रु. १ अर्ब र आ.व. २०७८/७९ मा रु. २ अर्ब हकप्रद शेयर लगानी गर्ने सैद्धान्तिक सहमति बमोजिम रु. ३ अर्ब शेयर लगानी भएको तत्पश्चात थप लगानी नभएको अवस्था छ । हाल बैंकको चुक्त पुंजी १५ अर्ब ६३ करोड रुपैंया रहेको व्यहोरा जानकारी गराउनुभयो ।

बताउनुभयो । उहाले भन्नुभयो, बैंकिङ्ग क्षेत्रको योगदानको लागि सम्मान व्यक्त गर्दछौं । उहाँले नेपालको बैंकिङ्ग क्षेत्र दक्षिण एशियाकै उत्कृष्ट बैंकिङ्ग क्षेत्र हुन सक्ने बताउनुभयो ।

RBBL Management Conference 2024 को Panel **Discussion** मा आफ्नो कि नोट मन्तब्य राख्नुहुँदै माननीय एवं अर्थविद् डा. स्वर्णीम वाग्लेले विकसित राष्ट्रहरुको आर्थिक वृद्धिदर कम हुने र नेपाल जस्तो विकासोन्मुख देशको आर्थिक वृद्धिदर बढी हुनुपर्ने भएता पनि सो अनुरुप हुन नसकेको बताउनुभयो । आर्थिक सुशासन कायम भएको खण्डमा ७-८ प्रतिशत आर्थिक वृद्धि सम्भव रहेको तर हाल कोभिड-१९ को प्रभावले वृद्धिदर कम रहेको उहाँले बताउनुभयो । बजेटको आकार अनुसार पुँजीगत खर्च नभएकाले आर्थिक क्रियाकलाप चलायमान हुन नसकेको, विदेशी क्षेत्र अन्तर्गत भारतीय मुद्रासंगको पेग दिगो नरहेको तर हाम्रो आर्थिक अवस्था अहिले कमजोर भएकाले ठिकै मान्नुपर्ने अवस्था रहेको बताउनुभयो । देशमा **“नाफा जति निजीकरण, घाटाजति सार्वजनिकीकरण**”को अवस्था भएमा आर्थिक विकासमा फड्को मार्न नसकिने बताउनुभयो ।






नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीले पछिल्लो समयमा बैंकिङ्ग क्षेत्रको बारेमा विभिन्न टिकाटिप्पणी हुने गरे पनि वित्तीय अवस्था ठिक रहेको

अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. रामप्रसाद घिमिरेले हाम्रो अर्थतन्त्रको आकार अनुसार हाम्रो आर्थिक वृद्धिदर निकै न्यून रहेको बताउनुभयो । उहाँले वर्तमान अर्थतन्त्रका प्रमुख तीन चुनौतीका रुपमा उत्पादन वृद्धि, रोजगारीमा वृद्धि र पुँजीगत खर्चको वृद्धि रहेको बताउनुभयो ।

अर्थविद् एवं राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठले हाल तरलताको अवस्था सकारात्मक रहेको, विदेशी मुद्राको सञ्चिती राम्रो अवस्थामा रहेको, ब्याजदर न्यून रहेको अवस्था हुँदाहुँदै पनि निजी क्षेत्र आशावादी हुन नसकेको, आन्तरिक मागमा कमी आएको, श्रमको अभाव भएको, उत्पादनशीलता बढ्न नसेको अवस्थाका कारण अर्थतन्त्रमा आशातित गतिशीलता आउन नसकेको बताउनुभयो । उहाँले अर्थतन्त्र सकारात्मक दिशामै अगाडि बढ्ने संकेत देखिएकोले आशा गर्ने ठाउँ भने रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष एवं उद्यमी भवानी राणाले बैंकिङ्ग क्षेत्रमा पर्याप्त स्रोत हुँदाहुँदै पनि कर्जा लगानी हुन नसक्नुका कारण पत्ता लगाउन निजी क्षेत्र र बैंकिङ्ग क्षेत्रको बीच Gap Analysis गर्नुपर्ने बताउनुभयो । उहाँले उत्पादनमुलक, पर्यटन, कृषि क्षेत्रमा लगानीको सम्भावना रहेको बताउनुभयो ।

बरिष्ठ बैंकर परशुराम कुँवरले हामीले बैंकिङ्ग क्षेत्रको विकासमा धेरै फड्को मारेका अवस्था भए पनि प्रविधिको क्षेत्रमा अझै पनि धेरै कार्य गर्न बाँकी रहेको बताउँदै भारतको बैंकिङ्ग प्रविधिबाट धेरै कुरा सिक्न सकिने बताउनुभयो । बैंकिङ्ग क्षेत्रमा नवपवर्तनका लागि छिमेकी राष्ट्र चीन र भारतबाट सिक्न सकिने बताउनुभयो ।

फिनटेक विज्ञ संजीव सुब्बाले नेपाल राष्ट्र बैंकको नियामकीय भूमिका महत्वपूर्ण रहेकोमा अर्थतन्त्रमा सूचना प्रविधिको प्रयोगबाट रुपान्तरण सम्भव रहेको बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्रले सूचना प्रविधिको उपयोगको सन्दर्भमा कोर बैंकिङ्ग सिस्टमभन्दा बाहिर पनि सोच्ने बेला आईसकेको बताउनुभयो । आजको सन्दर्भमा साइबर सुरक्षा सम्बन्धी चुनौति रहेको र यसमा जतिसुकै खर्च गरेपनि कुनै पनि देश साइबर सुरक्षाको जोखिमबाट बच्न नसक्ने कुरा औंल्याउनुभयो ।

बरिष्ठ बैंकर भुवन दाहाल तथा किरणकुमार श्रेष्ठ, कमनसेन्स विज्ञ सुजिव शाक्य लगायतले विषयगत रुपमा आ-आफ्नो प्रस्तुतीकरण गर्नुभएको थियो । बैंकमा कृयाशील तीनवटै ट्रेड युनियनका अध्यक्षहरुले कर्मचारीहरुको पेसागत हकहितका विषयमा धारण

थप समाचार पृष्ठ ४ ▶▶

# राष्ट्रिय वाणिज्य बैंकको ग्लोबल मनी विकको सन्दर्भमा देशव्यापी रुपमा सञ्चालित वित्तीय साक्षरता कार्यक्रमबाट ५५९० जना लाभन्वित







**काठमाडौं, ११ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशव्यापी रुपमा सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रमबाट ५ हजार ५ सय ९० जना लाभन्वित भएका छन् । ग्लोबल मनी विक २०२४ लाई सफल बनाउने उद्धेश्यले बैंकले देशैभरीका सातै प्रादेशिक कार्यालय र सबै शाखा कार्यालय मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो ।

गत चैत्र ५ गतेदेखि ११ गतेसम्म ग्लोबल मनी विक २०२४ Protect Your Money, Secure Your Money भन्ने मुलनाराका साथ देशव्यापी रुपमा सप्ताहव्यापी कार्यक्रम सञ्चालन गरेको हो । ग्लोबल मनी विक वित्तीय साक्षरताको महत्वका बारेमा जागरण ल्याउने उद्धेश्यले वार्षिक रुपमा मनाउँदै आएको साप्ताहिक अन्तर्राष्ट्रिय अभियान हो । नेपाल राष्ट्र बैंकले जारी गरेको वित्तीय साक्षरता मार्गदर्शन, २०७८ बमोजिम बैंकको देशैभरीका शाखा कार्यालयहरुले विद्यार्थी, युवा, प्रहरी, कर्मचारी, मजदूर, कृषक, साना उद्यमी, महिला विप्रेषण प्रापक ग्राहकहरुलाई लक्षित गरी एक सप्ताहसम्म ज्ञान, सीप तथा बैंकिङ्ग आदत सिकाउन उद्धेश्यले वित्तीय संचेतना कार्यक्रम सञ्चालन गरेका हो । ■





## राष्ट्रिय वाणिज्य बैंकको RBBL Management Conference 2024...





राख्नुभएको थियो । कार्यक्रममा सहभागीहरुसंग अन्तरक्रिया समेत गरिएको थियो । कार्यक्रममा आ.व. २०७९/०८० मा बैंकका विभिन्न जिम्मेवारीमा रहेर सर्वोत्कृष्ट तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी तथा शाखा कार्यालहरुको मनोबल बढाउन र समग्रमा कामप्रति उत्प्रेरणा जगाई थप जिम्मेवार बनाउन पुरस्कृत गरिने कार्यक्रम रहेको छ । कार्यक्रममा बैंक सञ्चालन समितिका सदस्यहरु, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, कृयाशील ट्रेड युनियनका पदाधिकारीहरु, विभागीय प्रमुखहरु, उप-प्रमुखहरु, प्रादेशिक प्रबन्धकहरु, उप-प्रमुखहरु, बरिष्ठ प्रबन्धकहरु लगायत २८७ शाखाका शाखा प्रबन्धकहरु लगायत करीब ४५० जनाको उपस्तिथि रहेको थियो । यस कार्यक्रमको प्रत्यक्ष प्रशारण बैंकको फेसबुक पेज facebook.com/rbbnepal मा समेत भएको थियो । ■



# आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडद्वारा वित्तीय शिक्षा अभिबृद्धिको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन

**काठमाडौं, ९ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडले धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्वन्धी देशव्यापीरुपमा शिक्षा तथा सचेतना अभिबृद्धि गरी लगानीकर्ता सशक्तिकरण गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डले वित्तीय शिक्षा अभिबृद्धि गर्ने हेतुले स्थापित अर्न्तराष्ट्रिय संगठन The Organization for Economic Cooperation and Development (OECD) / International Network on Financial Education (INFE) विश्व वित्तीय सप्ताह-२०२४ (Global Money Week-2024) गत चैत्र ५ गते देखि ११ गते सम्म देशभरी विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ।

उक्त आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडले २०८० साल चैत्र ९ गते नुवाकोट आदर्श बहुमुखि क्याम्पस, बिदुर ४, बट्टार मा स्नातक तथा स्नातकोत्तर तहमा अध्यनरत विधार्थीहरु तथा शिक्षक/ शिक्षिकाहरुको लागि वित्तीय शिक्षा अभिबृद्धिको लागि सचेतनामूलक कार्यक्रम आयोजना गरि सफलतापूर्वक सम्पन्न गरेको छ। उक्त सचेतनामूलक कार्यक्रममा नुवाकोट आदर्श बहुमुखि क्याम्पसका अध्यक्ष श्रीराम श्रेष्ठ, क्याम्पस प्रमुख नारायण मान डंगोल तथा अध्यनरत विधार्थीहरु र शिक्षक/ शिक्षिकाहरुको उल्लेख्य उपस्थिति रहेको थियो।




आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट कम्पनीको प्रमुख कार्यकारी अधिकृत बद्रि प्रसाद प्याकुरेल, प्रबन्धक अजय घिमिरे र बरिष्ठ अधिकृत सृजना बाँस्कोटाले कार्यक्रम सञ्चालन गरेका थिए। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय विदुरका शाखा प्रबन्धक रिमा श्रेष्ठ तथा शाखाका कर्मचारी सन्तोष बोगटीको समेत उपस्थिती रहेको थियो। साथै, छलफलमा उठेका प्रश्नहरुको जवाफ अजय घिमिरेले दिनुभएको थियो। (Global Money Week-2024) को अवसरमा आयोजित यस कार्यक्रमले पुँजीबजार सम्बन्धी शिक्षा तथा सचेतना अभिबृद्धि गर्नेछ र सहभागीहरुले शेयर लगानी सम्बन्धी ज्ञान हासिल गरी लाभान्वित हुने विश्वास गरिएको छ। ■




## समवेदना

यस बैंकका के.का. उपभोक्ता बैंकिङ्ग विभागका विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी (१११६४) का ससुरा उद्धबलाल श्रेष्ठ, शा.का. लुंखुदेउरालीमा कार्यरत सहायक शाखा प्रबन्धक डेजी शर्मा (१३०३८) की सासुआमा पार्वती भट्टराई, शा.का.सुख्खा बन्दरगाहमा कार्यरत सहायक हरिनारायण खवास (१२८३९) का पिता ननिलाल खवास, के.का.कर्जा असुली तथा पुनरसंरचना विभागमा कार्यरत प्रबन्धक भोलाकुमार कार्की (१११०२) का पिता लालबहादुर कार्की, शा.का. अत्तरीयामा कार्यरत सहायक सुमन कुमारी भट्ट (११९२४) का ससुरा शंकरदत्त भट्ट, के.का.आलेप विभागमा कार्यरत करार सिए सुनिल मल्ल (क०२७) का बाजे उदैसिंह मल्ल, प्रा.का. सुर्खेतमा कार्यरत सहायक गगन लोहार (१३०९५)का पिता अंग कामी, शा.का. थापाथलीमा कार्यरत उपप्रबन्धक मनिषा कोइराला (१२०७६) का ससुरा रामेश्वर गौतम, शा.का. कटारीमा कार्यरत शाखा प्रबन्धक शिव शंकर लहुटिया (११४६८) की माता दाइजी देबी लहुटियाको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-४२५२५९५, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
का.मु.प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सहायक सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**